कपुरकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

कपुरकोट, सल्यान

कर्णाली प्रदेश, नेपाल

**करारमा सेवा लिने सम्वन्धी सूचना**

**सूचना प्रकाशित मिति : २०७६।८।२४**

कपुरकोट गाउँपालिकाको लागि तपसिल बमोजिमको पदको रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मिति ले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र राजश्व तिरेको नगदी रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फाराम, दरखास्त दस्तुर, कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयवाट वा कार्यालयको वेब साइट www.kapurkotmun.gov.np बाट उपलब्ध हुनेछ ।

१. आवश्यक पद संख्या :

| वि.नं. | पदनाम | संख्या |
|---|---|---|
| १/०७६।०७७ | सिभिल सब इन्जिनियर, पाचौ तह | ३ (तीन) |
| २/०७६।०७७ | सिभिल असिस्टेण्ट सब इन्जिनियर, चौथो तह | २ (दुई) |

२. छनौटको तरिका : छोटो सूची र अन्तरवार्ता (छोटो सूची ८० अंक अन्तर्वार्ता २० अंक) ।

क) शैक्षिक योग्यता : ६० अंक, ख) अनुभव : १० अंक

ग) स्थानीयता : १० अंक घ) अन्तरवार्ता : २० अंक

३. योग्यता र अनुभव:

(१) न्यूनतम शैक्षिक योग्यता : सब इन्जिनियरका लागि प्रमाण पत्र तह (सिभिल) र असिस्टेण्ट सब इन्जिनियरका लागि सम्वन्धित विषयमा टी. एस. एल. सी. वा सो सरह उत्तीर्ण ।
(त्रि.वि.वि.को श्रेणी विभाजन अनुसार प्राप्तांकको आधारमा विशिष्ट श्रेणी भए ६० अंक, प्रथम श्रेणी भए ५५ अंक, द्वितीय श्रेणी भए ५० अंक र तृतीय श्रेणी भए ४५ अंक )

(२) सम्वन्धित कामको अनुभव प्रति वर्ष २ अंकका दरले बढीमा १० अंक प्राप्त हुने ।
(अनुभवको प्रमाण फाइल साथ हुनु पर्ने )

(३) स्थानीयताको हकमा कपुरकोट गाउँपालिका भित्रको स्थायी बसोबास भए १० अंक, कपुरकोट बाहेक सल्यान जिल्ला भित्र स्थायी बसोबास भए ५ अंक
(सम्वन्धित वडा कार्यालयवाट स्थायी बसोबासको प्रमाणित कागजात दरखास्त साथ पेश हुनुपर्ने )

(४) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भै ३५ वर्ष ननाघेको ।

४. करार अवधि : बढीमा २०७७ असार मसान्त सम्म । पद रिक्त भएमा र कार्य सन्तोषजनक भएमा आगामी आ.व.मा करार निरन्तरता हुन सक्ने ।

५.आवेदन दस्तुर सब इन्जिनियरको लागि रु. ४००।० र असिष्टेण्ट सब इन्जिनियरका लागि रु. ३००।०

५. दरखास्त फाराम पाइने र बुझाउने स्थान : कपुरकोट गाउँ कार्यपालिकाको कार्यालय कपुरकोट,सल्यान ।

६. मासिक पारिश्रमिक : नेपाल सरकारले सम्वन्धित तहका लागि निर्धारण गरे बमोजिम ।

७. अन्य कुरा बुझ्नु परेमा कार्यालयमा वा ९८५७८४४७०० मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिका, सल्यान

कपुरकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल

## रोजगार संयोजकको पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०७६।०८।२४ गते)**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को व्यवस्था एवम् रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ अनुसार यस गाउँपालिकामा रोजगार संयोजकको पद करारमा खुला प्रतिष्पर्धाद्वारा पदपूर्तिका लागि यो सूचना प्रकाशित गरिएको छ । योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुलाई यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

**वि.नं. ३।०७६/०७७** **पदः** रोजगार संयोजक (छैठौं तह सरह)

**आवश्यक पद संख्याः** १ (एक) जना

**करार अवधिः** हाललाई २०७७ असार मसान्त सम्म । काम सन्तोषजनक र कार्यक्रमको निरन्तरता भए करार अवधि थप गर्न सकिने ।

**न्यूनताम योग्यताः** (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग)भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) सेवा सम्बन्धी ज्ञान भएको तथा कम्प्युटर सम्बन्धी देहाय बमोजिमको ज्ञान र सीप भएको,

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system

**दरखास्त दस्तुरः रु १०००।०**

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. हालसालै खिचेको पासपोर्ट साईजको फोटो
३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि
४. न्युनतम शैक्षिक योग्यता भन्दा माथिल्लो योग्यता भए एक तह माथिल्लो शैक्षिक योग्यताको प्रमाण पत्र
५. कार्यानुभव भए अनुभवको प्रमाणपत्र ।
६. स्थानीय तहवाट स्थायी बसोबासको सिफारिश

**सेवा र सुविधा :**रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुने छ । यो मापदण्ड www.pmep.gov.np बाट डाउनलोड गर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

कपुरकोट गाउँपालिका, सल्यान